# संचारिका फिचर सेवा

वर्ष १३, अङ्क ४ असार/साउन, July 2011


नेपालमा लैङ्गिक हिंसा सदियौँदेखि कायम छ। सामान्यतया लैङ्गिक हिंसा भन्नाले लिङ्गको आधारमा हुने हिंसालाई बुझाउँछ। नेपालमा पुरुषभन्दा महिला भएकै कारणले हुने हिंसाको मात्रा अत्यधिक भएका कारणले यहाँ लैङ्गिक हिंसाको कुरा गर्दा महिलामाथिको हिंसाको रूपमा लिने र बुझ्ने गरिएको छ। लैङ्गिक आधारमा हुने हिंसाको सबैभन्दा पुरानो स्वरूप घरेलु हिंसालाई मानिन्छ र घरेलु हिंसाका पनि अनेक रूपहरू छन्। नेपालमा लैङ्गिक हिंसाको न्यूनीकरणका लागि प्रयासको थालनी चन्द्रशमशेरका पालामा (सन् १९२०) सतीप्रथाको उन्मूलनबाट भएको थियो भन्न सकिन्छ। त्यसपछिका दिनहरूमा हिंसाका बदलिँदा स्वरूपसँगै लैङ्गिक हिंसाका विरुद्ध विभिन्न सामाजिक अभियान तथा कानुनी प्रयासहरू जारी छन्।

महिला र सञ्चारको क्षेत्रमा कार्यरत सञ्चारिका समूहले आफ्नो स्थापनाकालदेखि नै लैङ्गिक हिंसाविरुद्धको अभियानलाई महत्वका साथ अगाडि बढाइरहेको छ। यो फिचर सेवा यस अभियानको एउटा हिस्सा हो।

**महिलाको इतिहास मूलतः मौनताको इतिहास हो। हाम्रा धेरै आमा, हजुरआमाले आफ्माथि भएका अन्यायलाई चुपचाप सहे, हामी यसलाई तोडौँ !!**

# महिलाले बनाए गाउलाई जुवातास निषेधित क्षेत्र

**उनीहरूले श्रीमान्लाई कसरी तह लगाउने भनेर रातोदिन छलफल गरे । कहिले श्रीमान्लाई थर्काउने र कहिले फकाउने प्रयास पनि गरे । तर पनि पुरुषहरूले श्रीमती कुट्न छोड्नन् । त्यसपछि भने महिलाले सामूहिक सोच बनाए, श्रीमान्लाई त्यागेर अन्त हिड्नुभन्दा श्रीमान्लाई कुलतबाट हटाउनका लागि अभियान सुरु गर्नु नै बेस ।**

**✍ भीम गौतम**

काभ्रेको सबैभन्दा विकट क्षेत्र डाँडापारिमा यातायात अझै पुगेको छैन । यातायात नपुगेको उक्त क्षेत्रका बासिन्दा शिक्षा, स्वास्थ्यलगायत अधिकांश विकासका पूर्वाधारमा पिछडिएका छन् । यहाँका महिलाको अवस्था त अझ दयनीय छ, तर पनि बुढाखानी र फोक्सिङटारका महिलाले गाउँलाई जुवातासमुक्त क्षेत्र घोषणा गरेर नमुना कार्य गरेका छन् । समूहमा अधिकांश अशिक्षित महिला छन् तर उनीहरूले गाउँमा विकृति, विसङ्गति भित्रिएपछि त्यसको विरुद्ध सशक्त आवाज मात्र उठाएका छैनन्, गाउँमा जुवातास खेल्न निषेध नै गरेका छन् ।

गाउँमा जुवातासको विकृति बढेपछि भैरवस्थान महिला समूह र स्थानीय महिलाको सामूहिक प्रयासमा गाउँलाई नै जुवातासमुक्त क्षेत्र बनाइएको हो । विकट डाँडापारिको बुढाखानी गाविस- ४ र ६ तथा फोक्सिङटार गाविस- १ को लघु जलविद्युत्को पावरहाउस क्षेत्रभित्र जुवातास खेल्न निषेध गरिएको स्थानीय भैरवस्थान महिला समूहकी अध्यक्ष पुतलीमाया घिसिङले जानकारी दिइन् । बढी पसल र जमघट हुने उक्त क्षेत्रलाई जुवातासमुक्त बनाएपछि दुवै गाविसका स्थानीय पुरुषले जुवातास खेल्न छोडेका छन् ।

सशस्त्र युद्धको बेला माओवादी अति प्रभावित क्षेत्र मानिने यो गाउँमा जुवातास निषेध गरिएको थियो तर माओवादी शान्तिप्रक्रियामा आएपछि जुवातासको विकृति फेरि बढ्यो । पुरुषहरूले जुवातास खेल्नेबाहेक अरू काम नै गर्न छाडे, त्यति मात्र होइन, पहिला जुवातास खेल्न निषेध गर्ने स्थानीय माओवादी कार्यकर्ता नै जुवातास खेल्न थालेपछि र जुवातास खेलसँगै गाउँमा महिलामाथि कुटपिटका घटना बढ्न थालेपछि महिला हैरान भए र सामूहिक रूपमा छलफल गरी जुवातासमुक्त बनाए । 'पहिला त जुवातासले गाउँका धेरै पुरुषलाई बिगारेको थियो, तर अहिले महिलाको सामूहिक प्रयासपछि धेरै सजिलो भएको छ, समाजमा यसले साह्रै सकारात्मक प्रभाव पारेको छ,' डाँडापारिमा सामाजिक विकासमा सक्रिय नेपाल स्कुल प्रोजेक्टका अध्यक्ष रकमसिंह लामाले भने ।

महिलाले गाउँलाई जुवातास निषेध गराएकाले नखेल्न र नखेलाउनका लागि सार्वजनिक रूपमा पम्प्लेट, पोस्टरमार्फत आह्वान पनि गरेका छन् । यस्तै सन्देशसहितका हस्तलिखित पोस्टर स्थानीय बजार, चौतारा, पाटी, भञ्ज्याङलगायतका सार्वजनिक स्थानमा टाँसिएका छन् । निषेध गर्नुअघि यी गाउँका अधिकांश घरमा

जुवातासको खाल दैनिक जम्ने गरेको थियो ।

दिनभर स्थानीय बजारमा गएर जुवातास खेल्ने र राति घरमा आएर कुटपिट गरेपछि धेरै महिला यसबाट पीडित बनेका थिए । उनीहरूले श्रीमान्लाई कसरी तह लगाउने भनेर रातोदिन छलफल गरे । कहिले श्रीमान्लाई थर्काउने र कहिले फकाउने प्रयास पनि गरे । तर पनि पुरुषहरूले श्रीमती कुट्न छोड्नन् । त्यसपछि भने महिलाले सामूहिक सोच बनाए, श्रीमान्लाई त्यागेर अन्त हिँड्नुभन्दा श्रीमान्लाई कुलतबाट हटाउनका लागि अभियान सुरु गर्नु नै बेस । जुवातासमा श्रीमान्सँग स्कुले छोराछोरी पनि मस्त हुन थालेपछि उनीहरूमा झनै पीडा थपिएको थियो । 'दिनरात जुवातास खेलेर पुरुषहरू साह्रै बिग्रन थाले, जति सम्झाउँदा पनि नहुने, हुँदैहुँदै बाबुछोरा सँगै खेल्न थाले, विद्यार्थी केटाहरूसमेत बिग्रन थालेपछि हामीले गाउँलाई जुवातास निषेध क्षेत्र घोषणा गरेका हौँ,' अध्यक्ष पुतलीमाया घिसिङले थपिन्, 'कसैले खेलेको थाहा पाएमा कडा कारबाही गर्छौं ।'

स्थानीय महिला समूहका अनुसार, स्थानीय बुढाखानी, महादेवटार, सिमलटार र थुम्कीका सबै ३३ घरधुरीका ३३ महिला रहेको समूहले जुवातास खेलेको थाहा पाएमा पहिलोपटक पाँच हजार जरिवाना, दोस्रोपटक १० हजार र तेस्रोपटक पनि खेलेको भेटिएमा खेल्ने घरका महिलालाई महिला समूहबाट निकाल्नेगरी कडा कारबाही तोकिएको छ । प्रहरीसँग समन्वय गरी कारबाही अगाडि बढाउने महिला समूहको भनाइ छ । स्थानीय फोक्सिङटार प्रहरीचौकीले समेत उनीहरूलाई सहयोग गर्दै आएको छ । महिलाले अभियान सञ्चालन गरेपछि प्रहरीलाई पनि स्थानीय क्षेत्रमा शान्ति र अमनचयन कायम गर्नका लागि धेरै सहयोग पुगेको छ । स्थानीय महिला प्रहरीले सहयोग गरेकै कारण महिलालाई अटेर गर्ने कतिपय पुरुष चुपचाप लाग्न बाध्य छन् ।

गाउँलाई जुवातासमुक्त क्षेत्र बनाएपछि गाउँका स्थानीय महिला धेरै खुसी भएका छन् । अहिले श्रीमान्हरू जुवातास खेल्न छोडेर श्रीमतीहरूलाई काममा सहयोग गर्न थालेका छन् भने धेरै विद्यार्थी स्कुल गएर पढ्न थालेका छन् । 'पहिला श्रीमान् र छोरो साह्रै बिग्रिएका थिए, अहिले श्रीमान्ले घरको काममा सहयोग गर्नुहुन्छ, छोरा विद्यालय गएर पढ्न थालेको छ ।' स्थानीय फूलमाया मोक्तानले खुसी हुँदै भनिन्, 'पहिला त दिनभरि जुवातास खेल्ने श्रीमान्हरूको कुटपिट र अपमानले मरौँ-मरौँजस्तो लाग्थ्यो तर अहिले पूरै परिवारमा खुसियाली छाएको छ, जीवन अझ धेरै बाँचौँजस्तो भएको छ ।'

आफ्नो ठाउँलाई जुवातास निषेधित क्षेत्र घोषणा गर्दा धेरै पुरुष महिलादेखि रिसाएका पनि थिए । तर, यहाँका पुरुषले निषेध-आज्ञालाई तोड्ने प्रयास भने गर्न सकेनन् । सबै महिला एकजुट भएर आफूले घोषणा गरेको कार्य जसरी पनि पूरा गर्ने सार्वजनिक कार्यक्रम अघि सारेपछि र प्रहरीले पनि उनीहरूलाई साथ दिएपछि पुरुषहरू महिलाको निर्णय मान्न बाध्य भएका थिए । अशिक्षित र महिलाले केही पनि गर्न सक्दैनन् भनेर श्रीमतीहरूलाई बेवास्ता गर्ने धेरै पुरुष अहिले सुध्रिएका छन् । पहिला रिसाउने तिनै पुरुषले अहिले अभियानको प्रशंसा गर्न थालेका छन् । गाउँ सुध्रिएकोमा र सबै काममा सक्रिय हुन थालेकोमा उनीहरू खुसी भएका हुन् । स्थानीय महावीर मोक्तान पुरुषले जुवातासमा घरबारी सिध्याउलान् भन्ने चिन्ता हराएर परिवारमा खुसियाली छाएको बताउँछन् । 'निषेध क्षेत्र घोषणाले गाउँमा

धेरै सकारात्मक प्रभाव पारेको छ, जुवातासमा रम्ने पुरुष सप्रिएका छन्, अब जुवातासले कसैको घर सिद्धियो, कसैको ढिकुटी रित्तियो भनेर सुन्नुपरेको छैन, महिलाको यो अभियानको त प्रशंसा गर्नैपर्छ,' उनले भने। पुरुषहरू घरको काममा सक्रिय भएपछि आम्दानी बढ्न थालेको छ। पहिला झैझगडा हुने अधिकांश घरमा मेलमिलापको वातावरण रहेको महिला समूहकी अध्यक्ष घिसिङ बताउँछिन्।

यातायात, सञ्चार, बिजुलीलगायतका विकासका पूर्वाधारबाट वञ्चित डाँडापारिको बुढाखानी र फोक्सिङटारका महिलाले गाउँलाई जुवातासबाट टाढा बनाएर लैङ्गिक हिंसामुक्त समाजको गोरेटो कोरेका छन्। डाँडापारिजस्तो विकट क्षेत्रका महिलाले गाउँमा उदाहरणीय कार्य गरेकोमा त्यसको प्रशंसा जिल्लाभरि हुन थालेको छ। डाँडापारिकै साल्मेचाकल, घर्तीछाप, गोकुलेलगायतका गाविसमा समेत जुवातास, जाँडरक्सीको कारण महिलाले धेरै समस्या भोग्नुपरेको भन्दै त्यस क्षेत्रमा समेत महिला सशक्त हुनुपर्ने आवाज उठ्न थालेको छ। जुवातासमुक्त गरेपछि अब महिला बिस्तारै जाँडरक्सी सेवनलाई न्यूनीकरण गर्नेतर्फ अघि बढेका छन्।

*साभार : संचारिका फिचर सेवा*

*(भीम गौतम काभ्रेबाट प्रकाशित हुने सुनकोसी साप्ताहिकका सम्पादक हुन्।)*

# प्रजनन स्वास्थ्य : कानुन र कार्यान्वयन पक्ष

✍ **विष्णु शर्मा**

**सर्वोच्च अदालतबाट दिइएको परामादेश अन्तर्राष्ट्रियस्तरमा नै स्वागतयोग्य छ। आदेशको कसरी उपयोग गर्ने भन्ने कुराले बढी महत्व राख्छ। यो निर्णय कार्यान्वयन गर्न राज्यको दायित्व के-के हुनसक्छ ? महिलाको अधिकार के हो ? महिलाको वास्तविक अवस्थालाई सर्वोच्चले विश्लेषण गर्नुले पनि यसको महत्व पुष्टि गर्छ।**

प्रजनन स्वास्थ्यको अधिकारलाई संविधानमै मौलिक हकभित्र मान्ने थोरै देशभित्र नेपाल पर्छ।

यसैको उपलब्धिस्वरूप सुरक्षित गर्भपतन गराउन पाउने महिलाको अधिकारलाई नौ वर्षअघि कानुनी रूपमै स्थापित गरियो। यद्यपि, कानुनमा भएका व्यवस्थाहरूको कार्यान्वयन भएको छ/छैन ? उपलब्ध गराइएका सेवा लक्षित वर्गले उपयोग गर्न पाएका छन् कि छैनन् ? भन्ने सवाल बढी महत्वपूर्ण छ। अहिले पनि ग्रामीण महिलाका लागि सुरक्षित गर्भपतन सेवा सहज बन्न सकेको छैन।

यसै सन्दर्भमा सुरक्षित गर्भपतनका लागि उपलब्ध सेवाहरू सबै वर्ग र समुदायका महिलामा नपुग्नु वा सेवामा पहुँच सहज नहुनुमा राज्यबाट अन्याय गरिएको ठहर गर्दै सर्वोच्च अदालतका

न्यायाधीशद्वय कल्याण श्रेष्ठ र राजेन्द्रप्रसाद कोइरालाको इजलासले ०६६ जेठ ६ गते सुरक्षित गर्भपतनको सेवालाई प्रभावकारी र पहुँचयोग्य बनाउन छुट्टै कानुन ल्याउन अति आवश्यक भएको ठहर गरी स्वास्थ्य मन्त्रालय, प्रधानमन्त्रीको कार्यालय र कानुन मन्त्रालयका नाममा परमादेश जारी गरेको छ। सेन्टर फर रिप्रोटक्टिभ राइट्सकी मेलिसा उप्रेती भन्छिन्- नेपालको सर्वोच्च अदालतबाट दिइएको परामादेश अन्तर्राष्ट्रियस्तरमा नै स्वागतयोग्य छ। आदेशको कसरी उपयोग गर्ने भन्ने कुराले बढी महत्व राख्छ। यो निर्णय कार्यान्वयन गर्न राज्यको दायित्व के-के हुनसक्छ ? महिलाको अधिकार के हो ? महिलाको वास्तविक अवस्थालाई सर्वोच्चले विश्लेषण गर्नुले पनि यसको महत्व पुष्टि गर्छ। त्यसैले अब सर्वोच्चले दिएको परामादेशलाई जनतासम्म पुऱ्याउनु जरुरी छ। यो विषयमा थाहा पाउनु नेपालीको अधिकार पनि हो। परमादेशको कार्यान्वयन गर्ने विषय रणनीतिमा नै आउनु जरुरी छ।

गैरसरकारी क्षेत्रले स-साना क्षेत्रलाई समेटेर गरेका अध्ययन र मूल्याङ्कनले कुल जनसङ्ख्याको आधा हिस्साका लागि सरकारका सेवा पहुँचयोग्य नभएको देखाएका छन्। आर्थिक विपन्नतासँगै ग्रामीण क्षेत्रमा बाँचेका महिला प्रजनन अधिकारभित्र पर्ने सुरक्षित गर्भपतनको सेवा उपभोग गर्नबाट वञ्चित भएका उदाहरण प्रशस्त भेटिन्छन्। यद्यपि, डा. इन्दिरा बस्नेतका शब्दमा सन् २००४ देखि २०१० सम्म सरकारले सुरक्षित गर्भपतनको सेवालाई सबै जिल्ला अस्पतालसम्म पुऱ्याएको छ। डा. बस्नेत भन्नुहुन्छ- यसले ५० प्रतिशतलाई सेवा पुऱ्याउन सक्यो भन्ने आधार त छ तर अझै पनि ८० प्रतिशत जनता ग्रामीण भेकमा बस्ने भएकाले उनीहरूका लागि पहुँचयोग्य बनाउन चुनौतीपूर्ण नै छ। प्रमुख चुनौती आर्थिक पक्ष नै हो।

**सामाजिक धारणा**

गर्भपतन जीवन र मरणको विषय हो, साथै सुरक्षित मातृत्व स्वास्थ्यको महत्वपूर्ण पक्ष पनि। तर, नेपाली समाजले सुरक्षित गर्भपतन महिलाको मानवअधिकार मानेर स्वीकार्न हिचकिचाउँछ। फलानाकी बहिनी वा श्रीमतीले गर्भ फाली भनी कानेखुसी गर्नेहरूको समाजमा कमी छैन। सुरक्षित गर्भपतन महिलाको रहर वा बाध्यता खुट्याइँदैन, महिलाको बद्‌मासीका रूपमा लिइन्छ। महिला स्वयम् पनि गर्भपतन गराउनु अपराध वा ठूलै गल्ती गरेको मनस्थितिमा सेवा लिन पुग्छन्। गोपनियतालाई ख्याल पनि गरिएको छैन।

प्रजनन स्वास्थ्यका क्षेत्रमा लामो समयदेखि कार्यरत संस्था कृपाका कार्यक्रम अधिकृत एवम् अधिवक्ता प्रभाकर श्रेष्ठ भन्नुहुन्छ- सहरी र ग्रामीण क्षेत्रका केही जिल्लामा गरिएको अध्ययनले ७५ प्रतिशत विवाहित पुरुषले महिलालाई सुरक्षित गर्भपतनको अधिकार दिनु सकारात्मक नभएको बताएका थिए। ती पुरुषले महिलालाई स्वयम् निर्णय गर्ने अधिकार दिन नहुने बताएका थिए। श्रेष्ठ भन्छन्- ग्रामीण क्षेत्रमा बसोबास गर्ने ५० प्रतिशत महिलालाई मात्र सुरक्षित गर्भपतनको सेवाबारे थाहा छ। सुरक्षित गर्भपतनको सेवा उपलब्ध त छ तर ग्रामीण जनताका लागि सहज छैन। कानुनबारे जनतामा अनभिज्ञता व्याप्त छ।

**किन आयो कानुन ?**

नेपालमा सुरक्षित गर्भपतनसम्बन्धी कानुन आउनाको कारणबारे डा. इन्दिरा बस्नेत भन्नुहुन्छ- नेपालमा सन् १९९६ सम्म एक लाख गर्भवती महिलामा पाँच

सय ३९ को मृत्यु हुन्थ्यो। यति ठूलो सङ्ख्यामा आमा बन्दा मृत्यु हुनुपर्ने कारण थाहा पाउन पाँचवटा ठूला अस्पतालको ओपीडीमा स्त्रीरोगबाट समस्याग्रस्त महिलालाई केन्द्रित गरी अध्ययन थालियो। त्यस अध्ययनले ५४ प्रतिशत महिला असुरक्षित गर्भपतनको सिकार भएको देखायो। युनिसेफले सन् २००० मा गरेको एउटा अध्ययनले महिलाको गर्भावस्थामा हुने मृत्युमध्ये २० प्रतिशत गर्भपतनको कारण देखियो। यही स्थितिले सन् २००२ मा सुरक्षित गर्भपतनको कानुन निर्माणका लागि सघाउ पुऱ्याएको हो।

अहिले एक लाख महिलाको मातृमृत्युदर दुई सय ८१ छ। तीमध्ये करिब सात प्रतिशतको असुरक्षित गर्भपतनकै कारण मृत्यु हुन्छ। सुरक्षित गर्भपतन गराउन पाउने कानुन हुँदासमेत असुरक्षित गर्भपतन गर्भवती महिलाको मृत्युको कारण बनिरहेको छ। त्यसैले सेवाका लागि व्यवस्था गरिएका प्रावधान कसरी कार्यान्वयन भइरहेका छन् भन्ने पक्ष बढी महत्वपूर्ण हुन्छ।

सन् २००७ सम्म आइपुग्दा असुरक्षित गर्भपतनबाट मर्ने महिलाको सङ्ख्या ५० प्रतिशतले घटेको छ। देशभरि चार सय ४४ वटा स्थानबाट सुरक्षित गर्भपतनको सेवा दिइन्छ। सन् २०१० देखि ७५ वटै जिल्ला अस्पतालमा यो सेवा उपलब्ध छ।

अधिवक्ता मीरा ढुङ्गानाका शब्दमा सबै तह र तप्काका जनताले उपलब्ध सेवामा पहुँच र त्यसको उपयोग गर्न पाए मात्र सरकारले व्यवस्था गरेको अधिकार सुनिश्चित भएको ठहर्छ। सुरक्षित गर्भपतनको अधिकारलाई सुरक्षित गर्दै व्यक्तिको मौलिक अधिकारका रूपमा आएको यो अधिकारको उपयोग आम्दानी हुनेहरूले मात्र गर्न पाउने पक्कै होइन। यो त सबैका लागि हो।

बच्चा पाउनुअघि र पछिका लागि स्वास्थ्यसम्बन्धी कार्यक्रम सञ्चालनमा छन्। कानुनी मान्यता पाएयता नौ वर्षको अवधिमा तीन लाख महिलाले सुरक्षित गर्भपतन सेवा लिएको तथ्याङ्क सरकारसँग छ। सेवा लिएकाहरू कहाँका (सहरी वा ग्रामीण) थिए ? आर्थिक स्थिति कस्तो थियो ? कतिऔं पटकको गर्भ नचाहेका हुन् ? सेवा लिने महिलाको वैवाहिक स्थिति के थियो ? भन्ने सवालका तथ्याङ्क उल्लेख छन्।

अधिवक्ता सविन श्रेष्ठका अनुसार, नचाहँदा-नचाहँदै गर्भधारण गर्न वा धारण गरेको गर्भ पतन गर्न कर लगाउनु महिलाविरुद्ध हिंसा हुन्। महिलाविरुद्ध हुने हिंसाको चरम रूप बलात्कार, जबर्जस्ती गर्भधारण वा पतनको रूपमा अभिव्यक्त भएको पाइन्छ। त्यसैले महिलाविरुद्ध हुने सबै किसिमका हिंसालाई न्यून गर्न प्रजनन स्वास्थ्य र अधिकारको संरक्षण जरुरी हुन्छ। ग्रामीण र विपन्न नेपाली समाजका महिलामा अनिच्छित गर्भलाई निरन्तरता दिनुको विकल्प प्रायः रहँदैन। एकातिर ती वर्गका जनतासम्म सेवाको उपलब्धता निकै कम छ भने अर्कोतिर गर्भपतनले कानुनी मान्यता पाएको जानकारी पनि छैन। यति हुँदाहुँदै पनि प्रजनन स्वास्थ्यको क्षेत्रमा नेपालले मारेको फड्कोलाई विश्वले उदाहरणका रूपमा लिएर अन्य मुलुकमा लागू गर्न सक्छ।

*साभार : संचारिका फिचर सेवा*

*(विष्णु शर्मा स्वतन्त्र पत्रकार हुन्।)*

# विद्यालय शिक्षा : लैङ्गिकमैत्री वातावरण आवश्यक

**विशेष गरेर छोरीलाई शिक्षा दिएर कमाइ गर्न सक्दैनन् भन्ने रुढीवादी परम्परा तथा छोरीमाथि गरिएको लगानी खेर जान्छ भन्ने सोचाइबाट अभिभावकहरू माथि उक्लिन सकेका छैनन् ।**

**✍ निर्जला कक्षपति**

बस्तीपुर गाविस- १ सिन्धुलीकी रीता लामाले समयमै पढ्न पाइनन् । आर्थिक अभाव तथा सानो उमेरमै बाबुको मृत्युका कारण उनले पढ्ने चाहनालाई यसै मार्नुपर्‍यो । तर, अहिले ढिलै भए पनि साक्षरता कक्षामा पढेर उनी अक्षर चिन्न सक्ने भएकी छिन् । नेपालमा यस्ता धेरै बालिका छन्, जो चाहेर पनि अझै विद्यालय पुग्न सकेका छैनन् । देशका सबै बालबालिकालाई शिक्षा दिने उद्देश्य सरकारको भए पनि प्राथमिक तहका पाँच प्रतिशत बालबालिका अझै स्कुलबाहिर छन् । केही वर्षयता विद्यार्थीको भर्ना अभियानमा उल्लेख्य सुधार आए पनि प्राथमिक तह नाघेपछि भने धेरैजसो बालिकाले विद्यालय छोड्ने गरेका छन् । सामाजिक एवम् सांस्कृतिक अडचन, सानो उमेरमै विवाह गरिदिने प्रचलन तथा छोरीले पछि गएर कमाइ गर्न सक्दैनन्, अर्काकै घर जाने हो, पढाएर के काम भन्ने गलत सोचाइका कारण छोरीलाई विद्यालय नपठाउने चलन अझै कायमै छ । कतिपय ठाउँमा विद्यालय टाढा हुँदा बालिकाहरू विद्यालय जान सकेका छैनन् भने विद्यालयमा लैङ्गिकमैत्रीपूर्ण व्यवहार नहुँदा तथा शिक्षिकाको अभावले विद्यालयमा बालिकाको सङ्ख्या बढ्न सकेको छैन । सरकारले केही वर्षदेखि सञ्चालन गरेको भर्ना अभियान कार्यक्रममा उल्लेख्य रूपमा बालिका विद्यालयमा भर्ना भएको देखिए पनि यसले निरन्तरता भने पाउन सकेको छैन । कतिपय अभिभावकले सामाजिक दबाबका कारण भर्ना अभियानका बेला छोरीलाई विद्यालयमा भर्ना गराए पनि पछिसम्म विद्यालय जाने अवस्था सिर्जना गर्न सकेका छैनन् । विशेष गरेर छोरीलाई शिक्षा दिएर कमाइ गर्न सक्दैनन् भन्ने रुढीवादी परम्परा तथा छोरीमाथि गरिएको लगानी खेर जान्छ भन्ने सोचाइबाट अभिभावकहरू माथि उक्लिन सकेका छैनन् । नेपालमा छात्रको भर्नादर ८६ प्रतिशत र छात्राको ७४ दशमलब ६ प्रतिशत रहेको एक अध्ययनले देखाएको छ । यसबाट शैक्षिक क्षेत्रमा लैङ्गिक विभेद कति छ भनेर स्पष्ट बुझ्न सकिन्छ ।

विद्यालयमा छात्राको सङ्ख्या बढाउन सरकारले खाजा र खानेतेल वितरणजस्ता कार्यक्रम सञ्चालन गरे पनि त्यति प्रभावकारी भएको पाइँदैन । शिक्षाविद् डा. विद्यानाथ कोइराला भन्नुहुन्छ, 'जबसम्म अभिभावकमा छोरीलाई पढाउनुपर्छ भन्ने चेतनाको विकास हुँदैन, सरकारले सञ्चालन गरेका कार्यक्रम प्रभावकारी हुन गाह्रो छ ।' उहाँको विचारमा छोरीलाई पढाउन घर-परिवारले नै प्रोत्साहित गर्नुपर्छ, यसका साथै विद्यालय लैङ्गिकमैत्री हुनु जरुरी छ । जसले गर्दा छात्रा विद्यालय जान आफैं पनि मन गर्छन् र अभिभावकमा दबाब सिर्जना गर्छन् । यस्तै विद्यालयमा छात्रा भर्नादर बढाउन

शिक्षिकाले ठूलो प्रभाव पारेको देखिन्छ । त्यसैले त सरकारले एक प्राथमिक विद्यालयमा एक शिक्षिका अनिवार्य हुनुपर्ने नीतिसमेत तयार पारेको छ । तर, यो नीति प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेको छैन । एक अध्ययनबाट शिक्षिका भएको विद्यालयमा बढी छात्रा भर्ना हुने गरेको र विद्यालयबाट बाहिरिने (drop out) को सङ्ख्या कम हुने गरेको देखिएको छ । छात्राका विभिन्न समस्या हुने र विद्यालय लैङ्गिकमैत्रीपूर्ण नहुने हुँदा छात्रा शिक्षकसँग खुलेर कुरा गर्न हिचकिचाउँछन् । बढ्ने उमेरका छात्रालाई आफ्नो समस्या भन्न निश्चित रूपमा शिक्षकलाई भन्दा शिक्षिकालाई सजिलो हुन्छ । यसैगरी अधिकांश विद्यालयमा छात्र र छात्रालाई छुट्टाछुट्टै शौचालयको व्यवस्था गरिएको पाइँदैन । मुलुकका विभिन्न स्थानमा पानीको समस्या पनि त्यत्तिकै छ, महिनावारी भएका बेला शौचालय जाँदा रगत बग्ने र त्यसलाई सफा गर्ने पानी नहुँदा अरूले थाहा पाउने डरले कतिपय छात्रा महिनावारी भएको समयभरि विद्यालय जाने गरेका छैनन् । राजधानीकै एक सरकारी विद्यालयमा सात कक्षामा पढ्ने एक छात्राले भनिन्, 'ट्वाइलेटमा पानी नै हुँदैन कि त दिनभरि पिसाब रोकेर बस्नुपर्‍यो कि त स्कुल नै जानुभएन, मेरा कति साथीहरू महिनावारी भएका बेला पानी नखाई दिनभरि पिसाब च्यापेर बस्छन्, म त स्कुल नै जान्नँ ।' उनी अनामनगरस्थित एउटा घरमा सहयोगीका रूपमा काम गर्दै अध्ययन गरिरहेकी छिन् । महिनावारी हुँदा शरीरलाई झनै बढी मात्रामा पानीको आवश्यकता पर्ने भएकाले पटकपटक पानी पिइरहनुपर्नेमा पानी नखाई दिनभरि पिसाब रोकेर बस्दा उनीहरूको स्वास्थ्यमा समेत प्रत्यक्ष असर परिरहेको छ ।

छोरीलाई विद्यालय नपठाइनुको अर्को मुख्य कारण हो- बालविवाह । नेपालका सप्तरी, कपिलवस्तुलगायतका कतिपय तराईका जिल्लामा अझै पनि बालविवाह व्याप्त छ । युनिसेफले सन् २००५ मा गरेको एक अनुसन्धानअनुसार ३४ प्रतिशत बालिकाले १६ वर्षभन्दा कम उमेरमै विवाह गर्छन् । सात प्रतिशत बालिकाको १० वर्षभन्दा कम उमेरमा विवाह हुने गर्छ । नेपालको साक्षरता प्रतिशत हेर्ने हो भने ६ वर्षभन्दा माथिको साक्षरता प्रतिशत ५४ प्रतिशत छ । त्यसमध्ये ६५ प्रतिशत पुरुष छन् भने ४२ दशमलब पाँच प्रतिशत महिला छन् । सरकारले सबै बालबालिकालाई अनिवार्य शिक्षा दिने लक्ष्य राखे पनि त्यो उद्देश्य पूरा गर्न अझै नसकेको अवस्था छ । 'सबैका लागि शिक्षा'को विश्वव्यापी नाराले अझै पनि नेपालका धेरै परिवारलाई समेट्न सकेको छैन । त्यसैले सरकारको यो लक्ष्य पूरा गर्न/गराउन हरेक अभिभावकको सोचमा परिवर्तन ल्याई छोरीलाई अनिवार्य शिक्षा दिनु जरुरी छ भने विद्यालय लैङ्गिकमैत्री हुनु पनि त्यत्तिकै जरुरी छ ।

*साभार : संचारिका फिचर सेवा*

*(निर्जला कक्षपति शिक्षा पत्रकार समूहसँग सम्बद्ध पत्रकार हुन् ।)*

# गाउँगाउँमा फैलादो लुकेको व्यथा

## सयौँ महिलाको पाठेघरमा राखिएका प्लास्टिकका रिङपेसरी हरेक तीन महिनामा फेरिनुपर्ने हो तर पाच वर्ष भयो महिलाको पाठेघरमा राखिएका रिङपेसरी फेरिएका छैनन् ।

**✍ प्रमोद पोखरेल**

तीन महिनामा फेर्नुपर्ने रिङपेसरी पाँच वर्ष हुँदासमेत फेरिएन । लाज र भयले महिला तेस्रो डिग्रीमा पुगेपछि मात्र भन्ने गर्छन् ।

अशिक्षा, गरिबी, बेरोजगारी, विपन्नता र परम्परागत सोचाइका कारण नेपालमा ६ लाख महिला पाठेघर खस्ने समस्याबाट पीडित भएको नेसनल डेमोग्राफी हेल्थ सर्वेले देखाएको छ । मध्यपश्चिमका पहाडी जिल्लामा करिब ४० प्रतिशतभन्दा बढी महिला पाठेघर खस्ने समस्याबाट पीडित भएको चिकित्सकको भनाइ छ ।

क्षेत्रीय स्वास्थ्य निर्देशनालयका निर्देशक डा. घनश्याम पोखरेलका अनुसार नेपालको मध्यपश्चिमका अधिकांश पहाडी जिल्लामा बसोबास गर्ने गरिब विपन्न परिवारका महिलामा पाठेघर खस्ने समस्या विकराल अवस्थामा रहेको छ । लाजका कारण महिला उपचार गराउन स्वास्थ्य संस्थामा नआउँदा प्यूठानमा पाठेघर खस्ने समस्या झन्झन् बढ्दै गएको छ । पाठेघर खस्ने समस्या तेस्रो डिग्रीमा पुगेर खपिनसक्नु पीडा हुन थालेपछि मात्र महिला उपचार गराउन आउने गरेको जिल्ला अस्पताल प्यूठानकी पब्लिक हेल्थ नर्स शकुन्तला सुवेदीले बताइन् ।

सानो उमेरमा बच्चा जन्माउनु, सुत्केरी अवस्थामा गह्रौं सामान उचाल्नु, सुत्केरी हुँदा पोषिलो खाना खान नपाउनु, लाज र भयका कारण स्वास्थ्य केन्द्र नजानु, यौन अङ्गमा बारम्बार सङ्क्रमण हुनु, कब्जियत हुनु, पाठेघरमा ट्युमर हुनु, लगातार धेरै सन्तान जन्माउनु, लामो समयसम्म खोकी लाग्नुले पाठेघर खस्ने समस्या उत्पन्न हुने जिल्ला अस्पताल प्यूठानकी मेडिकल सुपरिटेन्डेन्ट डा. सुधा देवकोटाले बताइन् । कुल जनसङ्ख्या दुई लाख ३० हजारमध्ये ५१ प्रतिशत महिला भएको प्यूठानमा करिब ४० प्रतिशत महिलामा पाठेघर खस्ने समस्या भएको विभिन्न सर्वेक्षणले देखाएका छन् । यो समस्यामा परिवारका सदस्यहरू र श्रीमान्को भूमिकाले पनि प्रभाव पारेको छ । सुत्केरी बेलामा हुने महिलाको शारीरिक संवेदनशीलतालाई नबुझेर केही दिनपछि नै मेलापात र घाँसदाउराको काममा पठाइँदा यसले भयावह रूप लिन पुगेको हो । आफूलाई भएको पीडाप्रति सासूहरू संवेदनशील नभइदिँदा बुहारीलाई पनि उही समस्या दोहोरिएको छ । आफ्नो पालामा कति दुःख गरियो, यिनीहरूलाई किन सुख दिने भन्ने सोच गाउँका कतिपय सासूमा अहिले पनि छ । साथै श्रीमान्ले पनि यसप्रकारको समस्यामा थाहा पाएर पनि चुपचाप बसिदिँदा महिलाले समयमा उपचार पाउन सकेका छैनन् ।

प्यूठान मरन्ठाना घर भएकी २५ वर्षीया भीमा नेपालीले १६ वर्षकै उमेरमा विवाह गरेर १७ वर्षमा पहिलो बच्चा जन्माइन् । सुत्केरी अवस्थामा पोषिलो त के समयमा पेटभरि खान पनि पाइनन्, सुत्केरी भएको केही दिनपछि नै मेलापातमा लागिन्, यही क्रममा पाठेघर खस्यो, सानै उमेरमा देखिएको यो समस्यालाई लुकाएर उनले सात वर्ष बिताइन् । हालै जिल्ला अस्पताल प्यूठानमा शल्यक्रिया भएपछि बल्ल उनलाई लाग्यो, आखिर यसको उपचार रहेछ,

जीवनको लामो समय मैले पीडामा बिताएँ । यसैगरी, प्यूठान लिवाङ गाविसकी ६६ वर्षीया फुर्सी खत्री २७ वर्षसम्म झरेको पाठेघर लिएर हिँडिन् । लाजले गर्दा मात्र नभएर अरूले थाहा पाए हेप्ने हुन् कि भन्ने डरले जिन्दगीका २७ वर्षसम्म उनले यो कुरा कसैलाई भनिनन् । आर्थिक अवस्था कमजोर थियो, फेरि उपचार पाए यो निको हुने कुरा हो भन्ने पनि उनलाई थाहा थिएन । अहिले जिल्ला अस्पताल प्यूठानमा भएको शल्यक्रिया शिविरमा आएर निःशुल्क सेवा पाएपछि उनलाई नयाँ जीवन पाएको अनुभूति भएको छ । भनिन्, 'जीवन फेरि यति सजिलोसँग बाँच्न पाइएला भन्ने लागेकै थिएन ।'

प्यूठानमा महिलाको पाठेघर खस्ने अवस्था भयावह भएको शिविरमा आएका महिलाको सङ्ख्याबाट पनि पुष्टि हुन्छ । सुष्मा कोइराला मेमोरियल ट्रष्टको सहयोगमा ०६८ साल जेठको पहिलो साता सञ्चालित शिविरमा शल्यक्रिया गरिएका महिलाको सङ्ख्या धेरै भएकाले बेड नपुगेर भुइँमै सुताइएको थियो । चिकित्सकको भनाइअनुसार कतिपय महिलाले पाठेघर झरेर निकै तल आइपुग्दासम्म तिनका श्रीमान्ले यौनसम्पर्क गरेको पाइयो । महिलाले त्यस्तो बेलामा सम्पर्क गर्दा आफूहरूले आँखाभरि आँसु पारेर सहने गरेको बताएका थिए । पाठेघर खस्ने समस्या रोक्न नेपाल सरकारले महिलाका लागि निःशुल्क औषधोपचार र जिल्ला-जिल्लामा अप्रेसन सुविधाको व्यवस्था तत्काल नगरे प्यूठानमा मात्र नभएर मुलुकभरि नै यो समस्याले डरलाग्दो रूप लिने कुरा डा. लेखराज सुवेदीले बताए । डा. सुवेदीका अनुसार दीर्घकालीन रूपले यो रोगलाई अन्त्य गर्न शिक्षामा ठूलो लगानी र गाउँगाउँमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नु आवश्यक छ ।

पाठेघर खस्ने क्रम पहिलो, दोस्रो, तेस्रो र चौथो तह गर्दै अघि बढ्छ । पहिलो र दोस्रो अवस्थामा महिला स्वास्थ्य संस्थामा औषधोपचार गर्न लाजले जाँदैनन् भने तेस्रो अवस्थामा पुगेपछि (बढी पीडा हुन थालेपछि) मात्र स्वास्थ्य संस्थामा उपचारका लागि आउने गरेको स्वास्थ्यकर्मीहरू बताउँछन् । जब यो रोगले चरम रूप लिन्छ तब मात्र केही महिला उपचारमा आउँछन् भने कतिपयचाहिँ लाजका कारण चुपचाप बस्छन् । यसरी बस्दा पाठेघर खस्ने समस्याका कारण अल्सर हुँदै क्यान्सरसम्म पनि हुने गरेको छ ।

प्यूठानका गाउँगाउँमा सयौँ महिला यो रोगको सिकार भएका छन् । गरिबी र अशिक्षाका कारण जिल्ला अस्पतालसमेत पुग्न नसकेपछि महिला घरमै रोग पाल्दै थला पर्दै गरेर बस्नुपरेको छ । मर्लिन नेपाल नाम गरेको अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले पाँच वर्षसम्म पाठेघर खस्ने महिलालाई उपचार गर्न प्यूठानलाई कर्मथलो बनाएर गाउँगाउँमा शिविरसमेत सञ्चालन गर्‍यो । शिविर सञ्चालन गरी सयौँ महिलालाई मर्लिनले पाठेघरमा रिङपेसरी लगाइदियो । उक्त संस्थाले अहिले जिल्ला छोडिसकेको छ, सो संस्थाले प्यूठान छोडेर बाहिर जाँदा जिल्ला जनस्वास्थ्य कार्यालयलाई तथ्याङ्क नदिई हिँडेपछि समस्या झनै बढेको छ । सयौँ महिलाको पाठेघरमा राखिएका प्लास्टिकका रिङपेसरी हरेक तीन महिनामा फेरिनुपर्ने हो तर पाँच वर्ष भयो महिलाको पाठेघरमा राखिएका रिङपेसरी फेरिएका छैनन् । पाठेघरको मासु पलाएर पेसरी जेलिएकाले समस्या झन्झन् जटिल बन्दै गएको छ । अब यसको एक मात्र उपाय ती महिलाको पाठेघरको अप्रेसन गर्नु हो । अप्रेसन खर्चिलो मात्र छैन, कहिले कहाँ गर्ने भनेर महिला सुसूचित हुने अवस्था पनि छैन, त्यसैले पाठेघर खस्ने समस्याको

अप्रेसनका लागि सदरमुकाममा मात्रै नभएर गाउँगाउँमा शिविर सञ्चालन गर्नु आवश्यक छ ।

*साभार : संचारिका फिचर सेवा*

*(प्रमोद पोखरेल नेपाल समाचारपत्र र एभिन्युज टेलिभिजनका लागि प्यूठानस्थित संवाददाता हुन् ।)*

# शिक्षण संस्थाभित्रै हुने दुर्व्यवहार

**विद्यालयमै शिक्षकको दुर्व्यवहार भोलेकी उनलाई भित्रभित्र पीडाले सताइरहेको छ, तर कसैलाई पीडा साट्न वा व्यक्त गर्न भने सकेकी छैनन् ।**

**✍ कल्पना भट्टराई**

उनी १६ वर्षकी भइन् । अहिले कक्षा १० मा पढ्छिन् । आजभोलि उनको न पढाइमा ध्यान जान्छ न त घरायसी काममा नै रुचि छ । न खाने मन नै छ न त निदाउने । प्रायजसो कसैसँग नबोली भोक्रिएर मात्र बस्छिन् । नवलपरासी जिल्ला रामनगरकी पूजा अधिकारी ( परिवर्तित नाम) को आनीबानी आजभोलि यस्तै बदलिएको छ ।

'किन भोक्रिएर बसेकी ? खुरुक्क पढेर बस,' दाजुले यसरी सम्भाउँदा पूजाको प्रायः प्रतिक्रिया हुन्छ, 'मान्छेलाई कत्रो टेन्सन छ, खालि पढ्-पढ् ।'

दाजुकै जस्तो आमाको आग्रह र दबाब पनि उनका लागि भन् पीडादायी हुन्छ । 'सबै कुरा पुऱ्याइदिएकै छ, केको टेन्सन ? पढ्न छाडेर घुम्न पाइनँ भनेर ?' आमाका यस्ता भनाइ उनलाई अरू बढी कठोर लाग्छन् । भर्किएर जवाफ फर्काउँछिन्, 'मेरो कुरा बुभिदिने कोही छैन । मरिदिन्छु कुन दिन ।' विद्यालयमै शिक्षकको दुर्व्यवहार भोलेकी उनलाई भित्रभित्र पीडाले सताइरहेको छ, तर कसैलाई पीडा साट्न वा व्यक्त गर्न भने सकेकी छैनन् ।

किशोर अवस्थाकी पूजाको मनमा मात्र होइन धेरै किशोरीको मनभित्र यस्तै पीडा लुकेको छ । न कोही खोतलेर सोध्न सक्छन् न त उनीहरू खुलेर आफैं भन्न सक्छन् । आफूले भन्न नसक्ने र आफन्तले बुभ्न नसकेका समस्याले निम्त्याएको मानसिक तनावमा किशोरीहरू दिनानुदिन फसिरहेका छन् ।

विद्यालयको कक्षाकोठा होस् या ट्युसन वा कोचिङ सेन्टर । पढ्नका लागि गएका स्कुल वा कलेजका कतिपय किशोरी यौन दुर्व्यवहारको सिकार भइरहेका छन् । शिक्षकसँग खुलेर विरोध गर्न नसक्ने, कतिपयले सिक्नुपर्ने ठाउँ भनेर विरोध नगर्ने गरेका कारण हिंसा भित्रभित्रै बढ्दै गएको छ ।

सामान्य व्यवहारबाट सुरु हुने यौनजन्य व्यवहारले कतिपय किशोरीमा कुण्ठा पैदा हुन्छ भने कतिपयलाई मानसिक तनावको असर बढ्दै गएर स्कुल छोड्ने अवस्थासम्म पुऱ्याउँछ । कतिले पढाइमा ध्यान केन्द्रित गर्न नसकी फेल हुँदा अभिभावकको खप्की सहन नसकी

आत्महत्याको कोसिससमेत गरेको पाइन्छ । लाज, भय र अप्ठ्यारोका कारण शिक्षकको दुर्व्यवहार अभिभावकलाई बताउन नसक्दाको परिणाम कैयौँ किशोरीको जीवन दुर्घटनाउन्मुख बन्दै गएको छ ।

नवलपरासीको रामनगर गाउँ विकास समिति वडा नं. ५ जर्गाहस्थित वाक्वाणी माध्यमिक विद्यालयको कक्षा ९ मा पढ्ने १५ वर्षीया एक छात्राको पीडा पनि यस्तै छ । एक शिक्षकले कक्षाकोठामा विभिन्न वहानामा अश्लील हाउभाउ गर्छन् । तर, विद्यालयका शिक्षक-शिक्षिकाले यस्तो कुरा बाहिर ल्याउनुहुँदैन भनेर बोल्न नदिएको उनको भनाइ छ । 'कुरा बाहिर ल्याए तिम्रै बेइज्जत हुन्छ भनेर मलाई दबाब दिन्छन् । कतिबेला शिक्षकले के गर्लान् भन्ने डरले मन त्रासमा नै रहन्छ,' उनी भन्छिन्, 'पढाइमा ध्यान जानुभन्दा कसरी सुरक्षित रहने हो भन्ने कुरामा दिमाग गइरहन्छ ।'

विद्यार्थीमा यस्तो तनाव हुने गरे पनि उनीहरूको मनोविज्ञान बुझेर सहयोग गर्नेहरूको कमी छ । 'प्रायः शिक्षक स्थानीय हुने भएकाले मायाले स्पर्श गरे होलान्,' वाक्वाणी माध्यमिक विद्यालयकी शिक्षिका हेमा न्यौपाने भन्छिन्, 'विद्यार्थीले यसलाई दुर्व्यवहार सम्झे होलान् । यो सोचाइको अन्तर हो ।' तर, छात्रा भने सरले दुर्व्यवहार गरे भनेर नपत्याउने प्रवृत्तिले आफूहरू झन् पीडित बन्ने गरेको बताउँछन् ।

विद्यालयमा हुने यस्ता घटना अभिभावक पनि सकभर लुकाउन चाहन्छन् । रामनगर गाउँ विकास समिति भुमहीस्थित ज्ञानज्योति एकेडेमी उमाविमा शिक्षकबाट छात्रामाथि भएको यौन दुर्व्यवहारलाई आफ्नै बेइज्जत हुने डरले अभिभावकले बाहिर ल्याउन नचाहेको स्थानीय निर्मला तिवारी बताउँछिन् ।

'बाबुआमालाई भन्यो भने शिक्षकले पनि कहाँ त्यस्तो काम गर्छन् ? भनेर प्रतिप्रश्न गर्न थाल्नुहुन्छ, बाबुआमाले पत्याउनुहुन्न,' अर्की छात्रा भन्छिन्, 'छात्राले यस्ता कुरा व्यक्त गर्ने ठाउँ पनि छैन ।'

एक निजी विद्यालयमा पढ्ने दुई छात्रा पछिल्लो एक घटनाबारे भन्छन्, 'सरले दुर्व्यवहार गरेपछि घरमा मम्मीलाई भन्यौँ । मम्मीले प्रिन्सिपलसँग कुरा राखेपछि ती सरलाई स्कुलबाट हटाइयो ।'

केही निजी विद्यालयमा अभिभावकबाट विरोध आएपछि त्यस्ता शिक्षकलाई कारबाही गर्ने गरिए पनि सरकारी विद्यालय र कलेजका स्थायी शिक्षकलाई कारबाही नहुने गरेको सुनवलस्थित महाकवि देवकोटा बहुमुखी क्याम्पस स्वतन्त्र विद्यार्थी युनियनकी सभापति समीक्षा विश्वकर्मा बताउँछिन् । उनी भन्छिन्, 'शिक्षकलाई कसले के गर्न सक्छ र ? न त विद्यार्थीले स्कुल फेर्न सम्भव छ । कतिपय स्कुलका विद्यार्थीले विरोध गर्न थालेका छन्, तर उच्च शिक्षा पढ्ने क्याम्पसका किशोरी वा युवती यस्ता यौन दुर्व्यवहार चुपचाप सहन बाध्य छन् ।'

ट्युसन वा कोचिङ कक्षामा पायः छात्राका समूह हुन्छन् । त्यस्ता कक्षामा बढी मात्रामा छात्रा दुर्व्यवहारको सिकार बन्ने गरेका उदाहरण धेरै छन् । देवकोटा क्याम्पसकी सरिता अधिकारी (नाम परिवर्तन) भन्छिन्, 'त्यस्ता कक्षामा अश्लील शब्द र घुम्न जाऔँ भनेर लेखिएका चिट पाइन्छन् अनि कसरी पढ्नमा ध्यान दिनसक्नु ?' क्याम्पस प्रमुख श्रवणकुमार कुसवाहले चाहिँ यस्तो समस्या आफूसम्म आइनपुगेको बताए । उनले भने, 'जानकारीमा आउनासाथ कारबाहीको प्रक्रिया अघि बढ्छ ।'

पवित्रस्थल मानिने शिक्षण संस्थामा नै यौन दुर्व्यवहार हुने गरे पनि अभिभावकसमेत चुपचाप रहने गरेको

देवकोटा क्याम्पसकी प्राध्यापक सुलोचना अर्याल बताउँछिन् । भन्छिन्, 'यस्ता दुर्व्यवहार बढ्न थालेका छन् तर केटीहरू मात्र होइन थाहा पाएपछि अभिभावक पनि बाहिर ल्याउन चाहँदैनन् ।' छोरीको इज्जत र सामाजिक प्रतिष्ठासँग घटनालाई दाँजिदिँदा यौन अपराध गर्नेहरूमाथि कारबाही हुन सकेको छैन । मानसिक र शारीरिक शोषणमा पिल्सिएका किशोरीमा चिड्चिडाहट हुने, अरुचि लाग्ने, टाउको दुख्ने, थकान लाग्ने, डर, त्रास, रिस, हीनताबोध, एक्लोपन बढ्नेजस्ता मनोरोग हुने चिकित्सकहरू बताउँछन् ।

यस्ता घटनालाई निरुत्साहित गर्नका लागि ऐन-नियम नबनेका होइनन् । तर, सामाजिक र व्यक्तिगत प्रतिष्ठाका कारण तिनको कार्यान्वयन भने हुन सकेको छैन । मुलुकी ऐनको आशय करणी महललाई संशोधन गरेर कसैले संवेदनशील अङ्ग छोएमा वा त्यस किसिमको आशय झल्किने खालका क्रियाकलाप गरेमा कानुनी रूपमा दण्ड गर्ने व्यवस्था गरिएको छ । यौनजन्य दुर्व्यवहारका विषयमा जिल्ला प्रहरी कार्यालयमा उजुरी गर्न सक्ने व्यवस्था छ ।

*साभार : संचारिका फिचर सेवा*

*(कल्पना बुटवलबाट प्रकाशित हुने बुटवल टुडे दैनिकको नवलपरासीस्थित संवाददाता हुन् ।)*

## फिचर लेखका लागि अनुरोध

सञ्चारिका समूहले लैङ्गिक हिंसाविरुद्धको अभियानअन्तर्गत फिचर सेवा प्रारम्भ गरेको छ । प्रत्येक महिना प्रकाशित हुने फिचर सेवामा महिलामाथि हुने गरेका विविध हिंसामा आधारित पाँचवटा फिचर लेख समावेश हुनेछन् । फिचर सेवाका लागि नौदेखि ११ सय शब्दसम्मको फिचर लेख पठाउनका लागि फिचर लेखकहरूमा अनुरोध गरिन्छ । प्रकाशित गर्न उपयुक्त ठानिएको फिचरका लागि पारिश्रमिकस्वरूप रु. ३,०००/- (तीन हजार) प्रदान गरिनेछ । प्राप्त फिचर प्रकाशित गर्ने वा नगर्ने अधिकार सञ्चारिका समूहमा निहित रहनेछ ।

यो फिचर सेवा मुलुकभरिबाट प्रकाशित हुने सबै पत्रपत्रिकालाई निःशुल्क उपलब्ध गराइनेछ । फिचर प्राप्त नभएको भए जानकारीका लागि समूहको केन्द्रीय कार्यालय काठमाडौंमा इमेल या टेलिफोनमार्फत खबर गरिदिनुहुन विभिन्न जिल्लास्थित पत्रपत्रिकाका सम्पादक तथा प्रकाशकज्यूहरूलाई अनुरोध गर्दछौं । यो फिचर सेवा एफएम स्टेसनहरूका लागि पनि उपयोगी हुने विश्वास हामीले लिएका छौं । फिचर उपयोग गर्न चाहने एफएम स्टेसनहरूलाई पनि सम्पर्कका लागि अनुरोध गर्दछौं । फिचर प्रकाशित/प्रसारित गर्दा 'साभार : सञ्चारिका समूह' भनी उल्लेख गरिदिनुहुन आग्रह गर्दछौं ।

**युएनएफपीएको सहयोगमा संचारिका समूहद्वारा प्रकाशित**

**सम्पर्क ठेगाना**
सञ्चारिका समूह, एकान्तकुना, भनिमण्डल, ललितपुर
पोष्ट बक्स नं : १३२९३, काठमाडौं
फोन नं : ५५५११८२, ५०००५१९
इमेल : sancharika@wlink.com.np
वेभ साइड : www.sancharika.org

**संयोजन/सम्पादन**
**बबिता बस्नेत**